# प्रेस विज्ञप्ति

वन्यजन्तुहरु पारिस्थितिकीय प्रणालीका महत्वपूर्ण सम्पदा हुन् । नेपाल एक सिंगे गैडा, पाटेबाघ, अर्ना, घडियाल गोही, रेडपाण्डा, कस्तुरी मृग, हिउँचितुवा, डाँफे, मुनाल जस्ता दुर्लभ र लोपोन्मुख वन्यजन्तुका लागि विश्वमा नै प्रख्यात छ । वन्यजन्तु संरक्षण कार्यमा नेपालले हासिल गरेका सफलताले अन्तराष्ट्रियस्तरमा विशेष पहिचान बनाएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून बमोजिम बाहेक कुनै पनि वन्यजन्तुलाई शिकार गर्न वा नोक्सान गर्न निषेध गरिएको छ । वन्यजन्तुको प्राकृतिक रुपमा मृत्यु भएपछि र केही वन्यजन्तुको चोरी शिकारीले मारी अवैध व्यापारका लागि लाने क्रममा जफत गरिएका वन्यजन्तुका आखेटोपहारहरु सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली र चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको कसरामा भण्डारण गरिएका मध्ये केहीलाई अध्ययन अनुसन्धान र प्रदर्शनीको लागि सुरक्षित राखी बाँकी रहेका आखेटोपहारहरु अन्तराष्ट्रिय जैविक विविधता दिवसकै दिन, मे २२ २०१७ तदनुसार २०७४ जेष्ठ ८ गतेका दिन चितवन राष्ट्रिय निकुञ्जको कसरा परिसरमा जलाएर नष्ट गर्ने गरी नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।२।४ को बैठकबाट निर्णय भएको छ । विगतमा पनि २०५४।१२।९ मा नेपालले आखेटोपहारहरु जलाएर नष्ट गरेको थियो ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।२।४ को निर्णय हुनु पूर्व आखेटोपहार व्यवस्थापन गर्ने सम्वन्धमा निम्न अनुसारका तयारी कार्यहरु गरिएको थियो :

- सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय बाघ संरक्षण समितिको मिति २०७०।४।१४ को चौथो बैठकले भण्डारण गरिएका आखेटोपहारलाई कार्यविधि बनाएर नष्ट गर्ने प्रक्रियामा जाने निर्णय गरको थियो ।
- व्यवस्थापिका संसद वातावरण संरक्षण समितिको २०७२।१२।२१ मा बसेको ७१ औं बैठकले सम्भव भए सम्म र चिन्न सकिने अवस्थामा राखिएका आखेटोपहारहरुको Bar coding गरी फोटो समेत खिची नमूना संकलन गरी आखेटोपहारलाई नष्ट गर्न निर्देशन दिएअनुसार आखेटोपहारहरुको Bar coding गरिएको छ । सम्पूर्ण आखेटोपहारहरुको फोटो खिची तिनको नमूना समेत सुरक्षित राखिएको छ । अभिलेखीककरण लगायतका सम्पूर्ण प्रक्रियालाई समेटेर वन्यजन्तुको आखेटोपहार व्यवस्थापन संबन्धि प्रतिवेदन, २०७३ तयार पारिएको छ ।
- विज्ञ सहितको प्राविधिक टोलीले तयार पारेको वन्यजन्तुको आखेटोपहार व्यवस्थापन सम्वन्धी प्रतिवेदन २०७३ ले सिफारिस गरे अनुसार राष्ट्रिय बाघ संरक्षण समितिको मिति २०७३।३।२ को छैठौं बैठकले आखेटोपहारहरु जलाएर नष्ट गर्न मन्त्रीपरिषद्मा सिफारिश गरेको थियो ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (पाँचो संसोधन) को दफा २०(क) मा आखेटोपहार नष्ट गर्न सकिने व्यवस्था भएको साथै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० (चौथो संशोधन, २०७४) को नियम ३३क (१) मा प्राकृतिक वा अन्य कारणबाट मृत्यु भएका वन्यजन्तुबाट संकलन गरिएको वा प्रचलित कानून बमोजिम जफत् गरिएको आखेटोपहार मन्त्रालयले उपयुक्तताको आधारमा शैक्षिक वा अनुसन्धान संस्थालाई प्रयोग गर्न दिने, प्राकृतिक विज्ञान संग्रहालयमा प्रदर्शनीको लागि राख्ने वा नेपाल सरकारको निर्णय अनुसार नष्ट गर्न सक्ने व्यवस्था रहेको छ ।

उपरोक्त व्यवस्था अनुसार वन तथा भू-संरक्षण मन्त्रालयवाट गठित विज्ञहरु सहितको प्राविधिक टोलीको प्रतिवेदनले सिफारिश गरे बमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।२।४ को निर्णय अनुसार टिकौलीमा भण्डारण भएका १७३९ थान र कसरामा भण्डारण भएका २२७३ थान गरी जम्मा ४०१२ थान जसमध्ये बाघको छाला ६७

थान, गैंडाको खाग ३५७ थान, हात्तीको पुच्छरको रौं ३५४ थान, कस्तुरीको बिना ३४ थान, ध्वाँसे चितुवाको छाला २ थान, हिउँ चितुवाको छाला १ थान, चिरुको ऊन ४२ पोका, सालकको खपटा २ पोका, हाब्रेको छाला ४७ थान, चितुवाको छाला ४१८ थान, भालुको पित्त १५ थान लगायतका आखेटोपहारलाई मिति २०७४।२।८ गते चितवन राष्ट्रिय निकुन्ज कार्यालय, कसराको नेपाली सेनाले प्रयोग गरेको खेलकुद मैदानमा सवै सरोकारवालाहरुको उपस्थितिमा जलाएर नष्ट गरिने कार्यक्रम रहेको छ । उल्लेखित अखेटोपहारमा CITES को अनुसुची १ मा सुचीकृत प्रजाती १८, अनुसुची २ मा सुचीकृत प्रजाती ४, अनुसुची ३ मा सुचीकृत प्रजाती ४ र अन्य प्रजाती २२ गरी जम्मा ४८ प्रजातीका अखेटोपहार रहेका छन् । सोही प्रतिवेदनले सिफारिश गरे बमोजिम बाघको छाला ५ थान, गैंडाको खाग १० थान, कस्तुरीको बिना ४ थान, चिरुको ऊन १ पोका, हाब्रेको छाला २ थान, हिउँ चितुवाको छाला १ थान, सुरक्षित राखिने छ । हात्तिको दाह्रा जलाउनकोलागि चाहीने आवश्यक तापक्रमको कारणबाट भण्डारण गरी राखिएको ११०० के जी दाह्रा हाल जलाईने छैन ।

भण्डार गरिएका आखेटोपहार जलाउनुको औचित्य निम्न अनुसार रहेको छ :

- वन्यजन्तुको चोरी शिकार एवं अबैध ब्यापार नियन्त्रण गर्ने कार्यमा सहयोग पुग्ने ।
- सडिगली भौतिक संरचनामा परिवर्तन भई काम नलाग्ने आखेटोपहारलाई संरक्षण र सुरक्षा दिई राखी राख्न आर्थिक तथा प्राविधिक हिसावले औचित्यपूर्ण नहुने ।
- दुर्लभ र लोपोन्मुख वन्यजन्तुका आखेटोपहारहरु चोरी शिकारी र अवैध ब्यापारी मार्फत वजारमा आउन सक्ने जोखिमको अन्त्य हुने । त्यसैगरी आखेटोपहार सुरक्षामा संलग्न कर्मचारीको व्यक्तिगत सुरक्षा जोखिमको न्युनीकरण हुने ।
- आखेटोपहारहरु औषधि लगायत अन्य कुनै पनि प्रयोजनमा प्रयोग हुँदैन भनी सन्देश प्रवाह हुने ।
- अवैध चोरीशिकार र त्यसका प्रयोगकर्ताहरु निरुत्साहित हुने ।
- CITES को Conf.9.10 (Rev. CoP 15) रिजोलुसनमा समेत आखेटोपहार नष्ट गर्न सकिने व्यवस्था रहेको । मलेसिया, यु.ए.इ., चीन, श्रीलंका, संयुक्त राज्य अमेरिका, थाइल्याण्ड, केन्या, भियतनाम लगायतका देशहरुले समेत यसरी आखेटोपहार जलाएर नष्ट गर्ने गरेको ।
- नेपालका वन्यजन्तु तथा जैविक विविधता संरक्षण, सम्वर्धन र व्यवस्थापनमा सकारात्मक प्रभाव पर्ने ।

आखेटोपहार जलाएर नष्ट गर्ने यस कार्यमा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुर्‍याउने स्थानीय समुदाय, राजनैतिक पार्टीहरु, नेपाल सरकारका विभिन्न निकायहरु, संरक्षण साझेदार संस्थाहरु, नागरिक समाज, सरोकारवाला निकायहरु, सञ्चार कर्मीहरुले पुर्‍याउनु भएको सहयोगलाई विशेष धन्यवाद दिदै आगामी दिनमा समेत यहाँहरुको उल्लेख्य सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास गरिएको छ ।

धन्यवाद ।

०७४।२।६

मन वहादुर खडका
संयोजक, अखेटोपहार व्यवस्थापन कार्यान्वयन समिति
तथा
महानिर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग